भेरी नगरपालिका
**Bheri Municipality**
# नगर कार्यपालिकाको कार्यालय
**Office of the Municipal Executive**
जाजरकोट, कर्णाली प्रदेश, नेपाल
Jajarkot, karnali, Nepal
(रोजगार शेवा केन्द्र)

प. स. २०७७/७८
च. न. २३२८

मिति २०७७/११/०५

श्री वडा कार्यालय सवै
वडा नं :- २

विषयः- आगामी आ.व.०७८/७९ का लागि बेरोजगार व्यक्ति सुचिकरण सम्बन्धमा।

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बेरोजगार ब्यक्तिलाई न्युनतम् रोजगारी प्रदानगरी विपन्न तथा जिवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षाको दायराभित्र ल्याउने सोच रहेको छ। सोहि बमोजिम वेरोजगार व्यक्तिको निवेदन संकलन गर्दा यथार्त ब्यक्तिगत विबरण संकलन गरी बास्तविक लक्षित वर्ग केन्द्रित कार्यक्रम संचालन हुनेगरी विवरण संकलनका लागी आवस्यक तयारी कार्य गर्नहुन भनि (मा. मन्त्रीस्तर) निर्णयानुसार मिति ०७७/१०/२५ को पत्र प्रास भएको छ। सोहि पत्रानुसार आगामी नयाँ आ. व. ०७८/७९को लागी वेरोजगार ब्यक्ति सुचिकरण गर्न निवेदनको ढाचा प्रधानमन्त्री रोजगार कार्यक्रम अनुसूची १ वा https://pmep.gov.np/publication/karyabidhi मा रहेको ढाँचा अनुरुप निवेदन संकलन गर्न हुन साथै श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प. सं ०७७/७८ च नं pmep/२५८ को पत्रको प्रतिलिपी समेत यसैसाथ संलग्न राखि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(रश्मी राई)
रोजगार संयोजक
रश्मी राई
रोजगार संयोजक (छैठौ)

बोधार्थ:
श्री सुचना तथा प्रविधि शाखा: website मा upload गरिदिन हुन ।
श्री रेडियो खलंगा: सुचना बजाइदिन हुन।



Scanned with CamScanner

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिंहदरबार, काठमाण्डौ, नेपाल
फोन नं. ०१-४२००४७७
फ्याक्स नं. ०१-४२११८७७
Email : info.pmep.np@gmail.com
Website: pmep.gov.np

प.सं. २०७७/७८
च.नं./PMEP/ २५८

मिति : २०७७/१०/२५

श्री गाउँपालिका/नगरपालिका, सबै।

मार्फत: श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ।

विषय : आगामी आ.ब.०७८/७९ का लागि बेरोजगार व्यक्ति सूचीकरण सम्बन्धमा ।

रोजगारीको हक सम्बन्धी ऐन, २०७५, सो को नियमावली तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ (पहिलो संशोधन, २०७७ सहित) बमोजिम आ.ब. २०७८/०७९ मा न्यूनतम रोजगारीमा आवद्ध हुन चाहने बेरोजगार व्यक्तिले आफु बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा २०७७ फागुन महिनामा निवेदन दिनुपर्ने व्यवस्था अवगत नै छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत न्युनतम रोजगारी प्रदान गरी विपन्न तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षाको दायराभित्र ल्याउन सहयोग पुर्याउने सोच रहेको छ ।सोही बमोजिम बेरोजगार व्यक्तिको निवेदन संकलन गर्दा व्यक्तिका र निजका परिवारको यथार्थ र सम्पूर्ण विवरण संकलन गरी वास्तविक लक्षित वर्ग केन्द्रित कार्यक्रम सञ्चालन हुने गरी विवरण संकलनको लागि आवश्यक तयारी कार्य गर्नु हुन मिति २०७७/१०/२२ को निर्णयानुसार (मा.मन्त्रीस्तर) अनुरोध छ।

साथै बेरोजगार व्यक्तिको निवेदन संकलन सम्बन्धमा तपशिलको व्यवस्था तर्फ ध्यानाकर्षण हुन र बेरोजगार व्यक्तिले सूचीकरणको लागि दिनुपर्ने निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ (पहिलो संशोधन, २०७७ सहित)को अनुसूची - १ वा https://pmep.gov.np/publication/karyavidhi मा रहेको व्यहोरा समेत अनुरोध छ।

तपशिलः-

(क) यस कार्यक्रम अन्तरगत सञ्चालन हुने न्यूनतम रोजगारीले गरिब तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षा र संरक्षण दिने उद्देश्य लिएको छ ।

(ख) न्यूनतम रोजगारीमा आवद्ध गर्ने लक्षित बर्ग गरिब तथा समान्य जीवनयापनमा कठिनाई भएका नागरिक रहेकोले बैयक्तिक तथा पारिवारिक विवरणहरु (व्यक्तिगत विवरण, पारिवारिक विवरण, आय आम्दानी तथा अन्य पेशा व्यवसाय तथा राज्यका अन्य सामाजिक सुरक्षाका कार्यक्रममा आवद्ध भए नभएका आदी) संकलन गर्दा यथार्थपरक र पूर्ण विवरण संकलन गर्नुपर्ने ।

(ग) न्यूनतम रोजगारी बाहेक रोजगार सेवा केन्द्रबाट प्रदान हुने अन्य रोजगारमूलक सेवा सुविधा सबै नागरिकले प्राप्त गर्न सक्ने व्यवस्था मिलाउने ।

(घ) गरिबी निवारण, रोजगारी व्यवस्थापन तथा सबै नागरिकलाई सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने तीनै तहका सरकारको सामूहिक जिम्मेवारी रहेको ।

(ङ) कार्यक्रमलाई व्यवस्थित, प्रभावकारी तथा पारदर्शि बनाउन रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) सञ्चालनमा रहेकोले स्थानीय तहबाट भए गरेका रोजगारी व्यवस्थापनसंग सम्बन्धित विवरण EMIS मा नियमित र अनिवार्यरुपमा गर्ने व्यवस्था हुन ।

(किसान न्यौपाने)
शाखा अधिकृत

Scanned with CamScanner